घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४५५
www.ghorahimun.gov.np

मितिः २०८०।०३।२८

प.स:२०७८/०७९(सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा)
च.नः ६९३५

श्री सवै (१-१९) वडा कार्यालयहरु,
घोराही, दाङ ।

विषयः सामाजिक सुरक्षा परिचय पत्र नवीकरण गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको च.नं.१६०, मिति २०८०।०३।०३ को प्राप्त पत्रानुसार देहाय अनुसारको कार्य गर्न गराउनुहुन अनुरोध छ।

१) सामाजिक सुरक्षा नियमावली २०७६ को मिति २०७९।०६।१० मा भएको दोस्रो संशोधन अनुसार नियम (९) को उपदफा १, नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ति आफै उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ भन्ने साविकको व्यवस्थामा संसोधन भई साउन र भदौ मसान्त सम्म भत्ता प्राप्त गर्ने व्यक्ति आफै उपस्थित भई निवदेन दिनु पर्ने प्रावधान रहेको छ र सो व्यवस्था आगामी आर्थिक वर्ष २०८०।०८१ (साउन १ गते) देखि लागु हुने व्यहोरा विदितै होला । नियमावलीको सो व्यवस्था सम्बन्धित वडा कार्यालय मार्फत सम्पूर्ण लाभग्राहीहरुलाई जानकारी गराई अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नु गराउन हुन ।

२) सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ४ को बमोजिम म्याद भित्र नवीकरण नभएका लाभग्राहीहरुको लगत कट्टा गरिने र लगत कट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सुचिकृत हुन चाहेमा सामजिक सुरक्षा ऐन २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउन हुन अनुरोध छ ।

२०८०।०३।२८
दिवाकर योगी
अधिकृत छैठौं

बोधार्थः सूचना तथा सञ्चार प्रविधि शाखा
( घोराही उप-महानगरपालिकाको Website मा राखिदिनुहोला )